# चुलाचुली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चुलाचुली, ईलाम
## १ नं. प्रदेश, नेपाल
## बोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति: २०७७/०४/२५ (9 Augest 2020)**

यस कार्यालयको आ.व. २०७७/०७८ को तपशील बमोजिमको निर्माण कार्यहरू शीलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

**शर्तहरू**

१. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) चुलाचुली गाउँपालिका कार्यालयको NMB Bank Chulachuli, Ilam शाखामा रहेको सञ्चित कोष खाता नं. १०३००६०७४४२०००४७ मा जम्मा गरेको भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०७७/०५/२२ (7 Sept. 2020) गतेका दिन कार्यालय समयभित्र **E-Procurment** मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को **website www.bolpatra.gov.np** बाट र कार्यालयमा सम्पर्क राखी HARD COPY मार्फत् बोलपत्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र फारमहरू उल्लेख भएका सबै विवरण रितपूर्वक भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिन (मिति २०७७/०५/२३ (8 Sept. 2020) गते दिउँसो १२:०० बजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को webpage र कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।

४. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतैपछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. शिलबन्दी बोलपत्र फारमसाथ जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको १२० दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा प्रत्येक Itemwise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्र दाताको सहीछाप भएको हुनु पर्नेछ ।

७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुने छैन ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

१०. यस सूचना चुलाचुली गाउँपालिका कार्यालयको *website – chulachulimun.gov.np* मा समेत राखिएको छ ।

११. बोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्डबापत बोलपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख भएको खातामा नगद नै जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्यसम्पन्न गर्नु पर्ने अवधिभन्दा कम्तीमा १२ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिनेछ ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट र कन्टेन्जेन्सी बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 4/Chulachuli/077/078 | Construction of Ward Office Compound Wall, Ward No. 1 | २५५७०३८ | ७५,००० | रु. ३०००। |
| २ | 5/Chulachuli/077/078 | Construction of Ward Office Compound Wall, Ward No. 3, 4 & 5 | ७८,०५,२७२ | २३०,००० | रु. ३०००। |

काजिमान राई
…प्रशासकीय अधिकृत